का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ कात्तिक २०७९,

आइतबार

13 November 2022,

Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न






# कुरा सुन्दै मतदाता

कैलालीका निर्वाचन कार्यालयका निमित्त प्रमुख प्रेमराज भट्ट मतदाताले करिब करिब सही मतदान गर्ने तरिका सिकेर मतदाताका कुरा सुनिरहेको बताउँछन् । नमुना मतदानमा बदर मत न्यून हुनुले त्यही संकेत गरेको उनलाई लाग्छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ कात्तिक

शनिवार कैलालीका तीन स्थानमा नमुना मतदान भयो । प्रदेश निर्वाचन कार्यालयले मत बदर हुन नदिन तीन स्थानमा मतदान कार्यक्रम गरेको हो भने मतदान केन्द्रको निरीक्षणसमेत गरेको छ ।

कार्यालयले गौरिगंगा नगरपालिका, बर्दगोरिया र मोहन्याल गाउँपालिकामा नमुना मतदान गरेको थियो । गौरिगंगा, बर्दगोरिया र मोहन्यालमा गरी तीन स्थानमा भएको नमुना मतदानमा प्रतिपालिकामा ५० जनाभन्दा बढी सहभागी थिए । कैलालीका निर्वाचन कार्यालयका निमित्त प्रमुख प्रेमराज भट्टका अनुसार बदर मत न्यून छ । मतदाताले करिब करिब सही मतदान गर्ने तरिका सिकेर मतदाताका कुरा सुनिरहेको उनी बताउँछन् । नमुना मतदानमा बदर मत न्यून हुनुले त्यही संकेत गरेको उनलाई लाग्छ ।

मंसिर ४ गते हुन लागेको प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनमा मत बदर हुन नदिन नमुना मतदान अन्यत्र पनि गरिएको निर्वाचन कार्यालयका निमित्त प्रमुख भट्टले बताए । मतदानलाई सभ्य, भयरहित, निष्पक्ष बनाउन मतदान केन्द्रको निरीक्षण गरिएको उनले जानकारी दिए ।

कैलालीका निर्वाचन कार्यालयका निमित्त प्रमुख प्रेमराज भट्टले भने जस्तै निर्वाचन आयोग निर्वाचनको तयारीमा छ, आचारसंहिता उलङ्घन लगायतका कार्य हेर्दै मतदानको अन्य व्यवस्थापनमा छ । सुरक्षा निकाय सुरक्षार्थ, अनुसन्धान गर्ने निकाय आफ्नो जिम्मेवारीमा छन् । राजनीतिक दलहरु चुनाव प्रचार प्रसारमा छन् । उम्मेदवारहरू घर घर पुगेर मतदाताहरु भेटिरहेका छन् । मत माग्ने तौर तरिका कतिपय अवस्थामा फेरिएको पनि छ । डिजिटल प्रचार पनि उस्तै छ । सामाजिक सञ्जालबाट समेत आफ्नो पक्षमा माहोल बनाउन सकिने भएपछि राजनीतिक दल र उम्मेदवारहरु डिजिटल प्रचारमा पनि छन् । निर्वाचन आयोगले डिजिटल प्रचारलाई पनि समेटेर आचारसंहिता बनाएको छ ।

विगतको तुलनामा मतदाताहरुले पनि उम्मेदवारका प्रतिबद्धता र संकल्प पत्र, चुनावी घोषणा पत्र खोजिरहेका छन् । विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवार घरदैलो अभियानमा रहँदा सर्वसाधारणले विगतमा गरेको कामको खोजी गरेका छन् । सुशासनमा प्रतिवद्धता खोजेका छन् । यसकारण आफ्ना एजेण्डासहित मतदाताको घरदैलो गर्ने उम्मेदवार र दललाई पनि यसअघिका निर्वाचनमा जस्तो सहज छैन । मतदाताको प्रश्नको जवाफ दिनुपरेको छ । सूचना प्रविधि, चेतना र सामाजिक सञ्जाल लगायत क्षेत्रमा भएको विकासले उम्मेदवार र दललाई थप जवाफदेही पनि बनाएको छ ।

पटकपटकका निर्वाचनमा गरेका प्रतिबद्धता र जिते वा हरेपछिका कामका विषयमा प्रश्न गरिरहेका मतदाताहरु उम्मेदवारका यसपटक पनि कुरा सुन्दै छन् । बोलेका काम गरुन्, जनता नठगुन, स्रोतसाधनले पुगेसम्मको विकासको काम गरुन् जनता खुसी हुने वातावरण सिर्जना गरुन् भन्ने धारणा नै आम सर्वसाधारणको धारणा रहेको पाइन्छ । पटकपटक आश्वासनमा मतदान गरेका सर्वसाधारण यो पटक निर्वाचनमा भरपर्दो योजना भएका उम्मेदवार खोजिरहेको बताउँछन् ।

उसो त सत्ता गठबन्धनमा अरु पनि प्रधानमन्त्रीका दाबेदार छन् । नेकपा माओवादी केन्द्रले आफ्नो सरकार बनाउने भनेर चुनावी घोषणापत्रमै भावी प्रधानमन्त्रीका रुपमा पुष्पकमल दाहाल प्रचण्डलाई अगाडि सारेको छ । तर, चुनावपछि – बाँकी पृष्ठ २ मा

# दोहोरीमा देउवा र ओली

पाँच दलीय सत्ता गठबन्धनको भविष्यलाई लिएर कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली अभियव्यक्तिको दोहोरी खेलिरहेका छन् । अर्को दुइ तीन चुनावसम्म गठबन्धन कायम रहने देउवाको भनाइ छ । ओली चुनाव लगत्तै टुट्ने दाबी गरिरहेका छन् ।





“ गणतन्त्र, संघीयता र राष्ट्रिय एकता जोगाउन आवश्यक छ । त्यसको लागि गठबन्धन बनेको हो । यो अझै दुई/तीनवटा चुनावसम्म रहन्छ ।

**शेरबहादुर देउवा**
**सभापति, नेपाली कांग्रेस**

“ जसरी फल कुहिने वित्तिकै झर्दैन र केही समय लाग्छ, सत्ता गठबन्धनको हालत पनि यस्तै भइसक्यो । कुहिएको फल छुट्न थालेसँगै गठबन्धन छुट्न थाल्छ ।

**केपी ओली**
**अध्यक्ष, नेकपा एमाले**

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २६ कात्तिक

चितवनमा भएको चुनावी सभालाई सम्बोधन गर्दै सत्तारुढ गठबन्धनका शीर्ष नेताहरुले धेरै दुःख र मिहिनेतपछि वाम-लोकतान्त्रिक गठबन्धन बनेको उल्लेख गर्दै आउँदो समयमा पनि गठबन्धन कायमै राख्ने बताएका छन् ।

भरतपुरमा शनिबार आयोजित चुनावी सभामा प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आउँदा दुई/तीनवटा चुनावसम्म गठबन्धन रहने दाबी गरे । अर्थात, देउवा पछिल्लो समय निरन्तर गठबन्धनको भविष्यबारे बोलिरहेका छन् । अर्कोतर्फ ओली पनि बोलिरहेका छन् । पाँच दलीय सत्ता गठबन्धनको भविष्यलाई लिएर कांग्रेसका सभापति देउवा र नेकपा एमालेका अध्यक्ष ओली दोहोरी खेलिरहेका छन् । अर्को दुइ तीन चुनाव गठबन्धन कायम रहने देउवाको भनाइ छ । ओली चुनाव लगत्तै टुट्ने दाबी गरिरहेका छन् ।

केपी शर्मा ओलीले संविधानलाई खेलौना ठानेको हुँदा गठबन्धन आवश्यकता रहेको देउवाको जिकिर छ । 'लडाइँ गरेर ल्याएको गणतन्त्र, संघीयता र राष्ट्रिय एकता जोगाउन आवश्यक छ । त्यसको लागि गठबनधन बनेको हो । अझै लामो समय गठबन्धन चाहिन्छ । दुई/तीनवटा चुनावसम्म रहन्छ,' देउवाले भने ।

पूर्वप्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले राजनैतिक दुर्घटना र प्रतिगमनको खतरा रहने बेलासम्म गठबन्धन कायम राख्ने बताए । उनले आउँदो चुनावबाट गठबन्धनको कम्फर्टेबल बहुमत आउने दाबी गरे । कांग्रेस चितवनका पूर्वसभापति विकास कोइरालाको कारबाही फुकुकाको माग गर्दै सभामा प्रदर्शन र नाराबाजीमा उत्रेका कोइराला समर्थकतर्फ हेर्दै देउवाले भने 'पहिला यहाँका उम्मेदवारहरुलाई चुनाव जिताउनुस् । जिताएको भोलिपल्टै कारबाही फुकुवा हुन्छ ।'

प्रतिनिधि सभाका तीन निर्वाचन क्षेत्र र प्रदेशका ६ निर्वाचन क्षेत्र रहेको चितवनमा दुईवटा संघीय निर्वाचन क्षेत्रमा कांग्रेस र एउटामा माओवादी केन्द्रका उम्मेदवार छन् । तर, पाँच दलीय गठबन्धन कुहिसकेको भन्दै एमाले अध्यक्ष ओली चाँडै टुट्ने दाबी गर्छन ।

अध्यक्ष ओलीले भनेका छन्, 'जसरी फल कुहिने वित्तिकै झर्दैन र केही समय लाग्छ, यो गठबन्धनको हालत पनि यस्तै भइसक्यो । कुहिएको फल छुट्न थालेसँगै गठबन्धन छुट्न थाल्छ ।'

अध्यक्ष ओलीले अबको निर्वाचनपछि विकासको लहर सुरु हुने दाबी पनि गर्दै आएका छन् । चुनावपछि एमाले विजयी हुने र त्यसपछि शिक्षा, स्वास्थ्य सबैमा विकासको लहर चल्ने उनको भनाइ छ ।

वैदेशिक रोजगार विशेष

# फेमिस सुधारका लागि विभागले माग्यो सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ कात्तिक

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा सुधारका लागि सरोकारवाला पक्षबाट सुझाव माग गरेको छ । विभागले वैदेशिक रोजगारसम्बन्धी सेवा प्रवाहलाई छिटो छरितो एवं व्यवस्थित गर्न २०७२ सालदेखि उक्त पोर्टल प्रयोगमा ल्याएको थियो ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघसहित व्यवसायीले लामो समयदेखि प्रणालीमा रहेका समस्या समाधान नहुँदा श्रम स्वीकृतिका लागि समय र लागत अनुचितरुपमा बढेको भन्दै लिखित तथा मौखिकरुपमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा विभागको ध्यानाकर्षण गराउँदै आएका छन् । खासगरी शून्य लागतमा कामदार पठाउनुपर्ने बाध्यतामा रहेका आफूहरुले एउटै विज्ञापन हप्तैपिच्छे पटकपटक दोहोऱ्याएर प्रकाशन गर्नुपर्ने गरी प्रणालीले सिर्जना गरेको बाध्यताले अनुचितरुपमा लागत र झन्झट थपेको व्यवसायीहरुको गुनासो छ ।

श्रम मन्त्रालयका सचिवदेखि अन्य उच्च अधिकारीहरुले उक्त प्रणालीबाट सेवा प्रवाह गर्दा वैदेशिक रोजगार प्रशासनलाई अभूतपूर्वरुपमा सुधार गरेको भन्दै सरकारका तर्फबाट सम्मान र पुरस्कार पाएका छन् । तर व्यवसायीहरुले प्रणाली व्यवसायीमैत्री नरहेको दाबी गरिरहेका छन् ।

फेमिस समस्याको समाधानका लागि मन्त्रालयले कार्यदलसमेत गठन गरेको छ । प्रणालीमा देखिएका समस्या समाधानका लागि विभागले मंसिर १० गतेसम्म अनलाइनमार्फत सुझाव दिन सकिने बताएको छ । विभागले प्रणालीमा हाल रहेका समस्याको समाधान तथा भविष्यमा गरिनुपर्ने सुधारका विषयमा केन्द्रित भएर सुझाव – बाँकी पृष्ठ २ मा

## साउदी आईडीका लागि एक तिहाई व्यवसायीले दिए आवेदन

**काठमाडौं/मस–** नेपालबाट साउदी अरवमा कामदार पठाउनका लागि आवश्यक पर्ने साउदी परिचयपत्र (साउदी आईडी) नवीकरणका लागि निवेदन दिने म्यानपावर कम्पनीको संख्या ३ सय ५० नाघेको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले नेपालस्थित साउदी दूतावासले जारी गरेका कार्डहरु थप अपग्रेड गरी नवीकरण गर्ने सम्बन्धमा दूतावासले जारी गरेको परिपत्रअनुसार व्यवसायीहरुलाई तोकिएका कागजातसहित संघमा उपस्थित हुन आग्रह गरेको थियो ।

दूतावासबाट प्रमाणीकारणका लागि तोकिएका कागजातसहित शुक्रबारसम्म ३ सय ५० भन्दा केही बढी व्यवसायीको निवेदन आएको संघका कार्यालय सचिव अरुण अर्यालले मध्यान्हलाई जानकारी दिए । संकलन भएका निवेदन र कागजात आइतबार वैदेशिक रोजगार विभाग र सोमबार कन्सुलर सेवा विभागबाट प्रमाणीकरण गराई साउदी आईडी नवीकरणका लागि साउदी दूतावासमा पेश गर्ने योजना संघले बनाएको छ । – बाँकी पृष्ठ २ मा

# कांग्रेसमा प्रधानमन्त्रीको आकांक्षी होड



पार्टी सभापति एवं वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा भावी प्रधानमन्त्रीका स्वभाविक दावेदार छन् । रामचन्द्र पौडेल दावेदार हुने नै भए । महामन्त्री गगन थापा, पूर्व महामन्त्री शशांक कोइराला, नेता प्रकाशमान सिंह लगायतले पनि आफूलाई भावी प्रधानमन्त्रीका रुपमा प्रचार गरेका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २६ कात्तिक

आगामी मंसिर ४ मा हुने संसदीय चुनावको मिति नजिँकिदै गर्दा कांग्रेसभित्र प्रधानमन्त्रीका आकंक्षी धेरै देखिएका छन् । पार्टी सभापति एवं वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा भावी प्रधानमन्त्रीका स्वभाविक दावेदार छन् । रामचन्द्र पौडेल पनि दावेदार हुन् । महामन्त्री गगन थापा, पूर्व महामन्त्री शशांक कोइराला, नेता प्रकाशमान सिंह लगायतले पनि आफूलाई भावी प्रधानमन्त्रीका रुपमा प्रस्तुत गर्दै आएका छन् ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नयाँ पुस्तालाई अवशर दिनुपर्ने भन्दै कांग्रेसका नेता तथा कार्यकर्ताले देउवाको विकल्प खोजेको कतिपयको भनाई छ ।

नेपाली कांग्रेसका अर्का महामन्त्री विश्वप्रकाश शर्मा, नेता डा. स्वर्णीम वाग्ले, अर्जुनर सिंह केसी लगायतका कांग्रेसका नेताकार्यकर्ताले गगन नेतृत्वमा देश र पार्टी अघि बढ्नुपर्ने बताएका हुन् ।

'म भोलि प्रस्तावक भए भने पनि त्यसमा के आपत्ति मानु पर्ने के छ त ? गगन थापा प्रधानमन्त्री बन्नलाई अयोग्य व्यक्ति हुन भनेर सडकमा कसैले – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नः ०१-४९८७४०५

मध्यान्ह
www.madhyanhadaily.com
२७ कातिक २०७९, आइतबार
13 November 2022, Sunday

# कालीकोटका २४ कैदीबन्दीलाई मतदानको अधिकार



**कालीकोट डायरी**
मानबहादुर विश्वकर्मा/मध्यान्ह

जिल्ला कारागार कालीकोटमा रहेका २४ कैदीबन्दीले मंसिर ४ मा हुने निर्वाचनमा मतदान गर्न पाउने भएका छन् । जिल्ला कारागारमा रहेका ४९ कैदीबन्दी मध्ये २४ जनाले मतदानको अधिकार पाएका जिल्ला कारागार कालीकोटले जनाएको छ ।

कार्यालयका अनुसार मतदानको अधिकारी पाउनेहरुमा ४६ जना पुरुष र तीन जना महिला रहेका छन् । हाल जिल्ला कारागार कालीकोटमा ४६ जना पुरुष, तीन जना महिला र एक जना आश्रीत बालक रहेको कार्यालय प्रमुख जेलर नरबहादुर सार्कीले जानकारी दिए । उनका अनुसार मतदान गर्न पाउने भएपछि कैदीबन्दीले खुसी व्यक्त गरेका छन् ।

सरकारले आगामी मंसिर ४ गते हुने प्रतितिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि कैदीबन्दीलाई मतदानको व्यवस्था मिलाएको हो । उनीहरुले प्रतिनिधिसभा सदस्यको समानुपातिकतर्फ मात्रै मतदान गर्न पाउने छन् ।

# केपी ओली आज कालीकोट आउँदै

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आइतबार कालीकोटमा हुने चुनावीसभालाई सम्बोधन गर्ने भएका छन् । एमाले कालीकोटको आयोजनामा जिल्लाको रास्कोट नगरपालिकामा हुने बृहत चुनावी सभालाई सम्बोधन गर्न पूर्वप्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष ओली कालीकोट आउने कालीकोट एमालेले जनाएको छ । रास्कोटमा हुने बृहत चुनावी आमसभामा लोक गायक बद्री पंगेनीसहितका कलाकारको सांस्कृतिक प्रस्तुती रहने आयोजकले जनाएको छ । एमालेका नेता पूर्व मन्त्री प्रेमबहादुर सिंह, कर्णाली प्रदेशका पूर्व कृषि मन्त्री कुर्मराज शाही, पार्टीका केन्द्रीय सदस्य नगिन्द शाही(नेश्नल) लगायतका नेताहरूले आमसभालाई सम्बोधन गर्नेछन् । पार्टीका केन्द्रीय अध्यक्ष ओली आगामी मंसिरमा हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन केन्द्रित कार्यक्रमका लागि देश दौडाहामा व्यस्त रहेका छन् ।

## हराएकी बालिकालाई आमाको जिम्मा



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २६ कात्तिक

जिल्ला प्रहरी कार्यालय रौतहटले प्रहरीको सम्पर्कमा आएकी एक बालिकालाई उनकी आमाको जिम्मा लगाएको छ । जिल्लाको दुर्गाभगवती गाँउपालिका वडा नं.१ पिपरा बजरामा बेवारीसे अवस्थामा फेला परेकी बालिकालाई प्रहरीले आमाको जिम्मा लगाएको हो ।

नाम थर केही बताउन नसक्ने बालिकालाई स्थानीयले प्रहरी कार्यालयमा बुझाएका थिए । सर्लाही बलरा नगरपालिका वडा नं. ५ बस्ने किरण देवीलाई बालिका बुझाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

## ‘प्रेससम्बन्धी कानून नबन्दा समस्या’

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ कात्तिक

नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखरेलले प्रेस सम्बन्धी कानून नबन्दा पत्रकारलाई समस्या रहेको बताएका छन् । नेपाल पत्रकार महासंघ रौतहट शाखाको १२औं साधारण सभाको शनिबार उद्घाटन गर्दै केन्द्रीय अध्यक्ष पोखरेलले संविधान बनिसकेको तथा संचार सम्बन्धी नीति निर्माण भइसकेको अवस्थामा कानून नबन्दा अझै पनि संचार जगतको धेरै क्षेत्रमा समस्या भइरहेको बताए । आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनलाई सफल बनाउन संचारकर्मीले आफ्नो क्षेत्रबाट सकारात्मक भूमिका खेल्नुपर्ने बताए ।

रौतहटको दुर्गा भगवती गाउँपालिका ३ मत्सरीमा सम्पन्न भएको साधारण सभामा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत तथा महासंघका केन्द्रीय सचिव गोविन्द चौलागाँईले पत्रकारहरुले पत्रकारिताको मर्यादाभित्र रहेर राज्यलाई बाटो देखाउने काम गर्नुपर्ने बताएका छन् । साथै आगामी मंसिर ४ गते हुने निर्वाचनमा रिपोर्टिङ गर्दा आचारसंहितालाई ध्यानमा राखी समाचार प्रकाशन तथा प्रसारण गर्न वक्ताहरूले अनुरोध गरेका छन् ।

### कुरा...

गठबन्धन सरकार बनाउने साझा प्रतिवद्धतामा हस्ताक्षर गरेका तीन दलका शीर्ष नेता यसबीचमा मौन छन् । तर, शीर्ष नेताका विश्वासपात्रहरु भावी प्रधानमन्त्रीबारे बोलिरहेका छन् ।,

एकीकृत समाजवादीका महासचिव बेदुराम भुसालले चुनावी घोषणापत्र सार्वजनिक गर्दा नै चुनावपछि पनि गठबन्धन कायम रहन्छ भन्न नसकिने बताइदिए । १४ कात्तिकमा पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा अयोजित चुनावी घोषणा पत्र सार्वजनिक कार्यक्रममा महासचिव भुसालले भने, ‘यो निर्वाचनपछि यो गठबन्धन हुन्छ वा अर्को गठबन्धन हुन्छ । अहिले त्यो भन्न सक्ने वा भनिरहने विषय हो भन्ने मलाई लाग्दैन ।’ यसबाट अगाडि बढेर उनले अर्को गठबन्धन बने पनि आफूहरूले लिएको नीति र बाचा पूरा गर्ने प्रतिवद्धता जनाए । महासचिव भुसालले भनेका छन्, ‘यही गठबन्धन रह्यो भने यही गठबन्धनको सरकार बन्यो भने पनि हामी हाम्रा नीतिहरू कार्यान्वयनका निम्ति पहल गर्छौं । योभन्दा अर्को बन्यो भने पनि हामी पहल गर्छौं ।’

अर्थात, प्रधानमन्त्रीमा हुने रस्साकस्सीले गठबन्धन नै टुटाउन सक्ने उनको संकेत छ ।

२२ कातिकसम्म आइपुग्दा नेपाली कांग्रेसका महामन्त्री गगन थापा नै चुनावपछि गठबन्धन दल अलग हुन सक्ने त्रासमा रहेको भावमा बोलेका छन् । मंगलबार काठमाडौं ४ मा आयोजित मतदाताहरूसँगको अन्तरक्रियामा बोल्दै उनले सत्ता गठबन्धनले चुनाव जित्ने निश्चित भएको र पुसको पहिलो सातासम्म अर्को सरकार बन्ने उल्लेख गरे । यसैमा संशय मिसाए, ‘अहिले निर्वाचनको भन्दा पनि निर्वाचनपछिको चुनौती आइसकेको छ । मैले नेताहरूलाई भनिरहेको छु । हामी मंसिर ४ मात्रै होइन, म मंसिर ५ हेरिरहेको छु ।’

महामन्त्री थापाले अझ प्रष्ट शब्दमा भनेका छन्, ‘सँगै उभिएर पाँच वर्षका लागि मत मागेपछि हामीले मतदाताको इज्जत राख्नुपर्छ । केही महिनापछि आफ्नो निजी कुरालाई लिएर अर्कोसँग मिलेर सरकार बनाउँछौं भन्न पाइँदैन । त्यो बाटोमा लाग्यौं भने त्यो अपराध हुन्छ ।’

अर्थात, सत्ता गठबन्धनभित्र कुन पार्टीले प्रधानमन्त्री लिने भन्ने नै तय हुन नसकिरहेका बेला कांग्रेसभित्र प्रधानमन्त्रीका आकांक्षीहरु खुल्न थालेका छन् ।

### फेमिस...

पठाउनसमेत आग्रह गरेको छ । वैदेशिक रोजगार ऐन र नियमावलीको व्यवस्था बमोजिम ७ दिनको श्रमिक छनोट अवधि रहेको छ । यसअघि उक्त अवधि दुई वर्षको थियो । तर डिमाण्डमा उल्लेखित सीप अनुसारको श्रमिक प्राप्त गर्न नसकेको अवस्थामा पुनः सात दिनपछि विज्ञापन गरेर कामदार छनोट गर्नुपर्ने व्यवस्था फेमिसमा गरिएको छ ।

पाँच सय जनाको पूर्वस्वीकृति निकालेका व्यवसायीले सबै कामदार छनोट गर्न पटक-पटक गरी चार पटकसम्म दैनिक पत्रिकामा विज्ञापन गर्नुपर्ने लगायतका धेरै समस्या फेमिसमा रहेको व्यवसायीहरु बताउँछन् ।

### साउदी...

हाल वैदेशिक रोजगार विभागमा ८ सय ८० वैदेशिक रोजगार व्यवसायी दर्ता रहेकोमा हालसम्म साउदी दूतावासबाट ६ सय २५ वटा म्यानपावर कम्पनीले परिचयपत्र लिएका छन् । साउदी आईडी भएका धेरै म्यानपावर कम्पनी विगतमा एकआपसमा मर्ज भएका, केही कम्पनी खारेजीमा गएका, केही कम्पनीलाई दूतावासले नै कालो सूचीमा राखेको र केही कम्पनीको नवीकरण निवेदन आउन बाँकी रहेको बताइएको छ ।

आईडी नवीकरणका लागि नेपालस्थित साउदी दूतावासले गरेको परिपत्र र विभाग तथा कन्सुलर विभागले कागजात प्रमाणीकरणमा सहजीकरण गरिदिएकोमा दूतावास लगायतका निकायप्रति विशेष धन्यवाद व्यक्त गरिएको भन्दै संघका सहसंयोजक प्रेम कटुवालले साउदी आईडी नवीकरणको काम छिट्टै टुंगिने अपेक्षा गरिएको बताए ।

साउदी आईडी नवीकरण गर्न म्यानपावर कम्पनीको लेटरहेडमा तोकिएको ढाँचामा निवेदनसहित गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र, इजाजतपत्र तथा प्यान कार्ड, कम्पनी रजिष्ट्रारको प्रमाणपत्रको रंगीन फोटोकपी गरी कम्पनीको छाप लगाएर सञ्चालक आफैं उपस्थित भई संघमा पेश गर्नुपर्ने व्यवस्था संघले गरेको थियो । वैदेशिक रोजगार विभाग र कन्सुलर कार्यालयले प्रमाणित गरेपछि मात्र साउदी दूतावासले निवेदनसहितका कागजात स्वीकार गर्ने छ ।

### कांग्रेसमा...

भन्यो भने छलफल गरौंला नत्र भने अब प्रधानमन्त्री उहाँ नै हुनुपर्छ, महामन्त्री शर्माले भने । अरु भन्दा परिपक्व, जिम्मेवार, विचार, सिद्धान्त बोकेको र अरुको भन्दा सबल भिजन र दृष्टिकोण भएका व्यक्तिले नै कांग्रेसको नेतृत्व गर्नुपर्ने उनको भनाई छ ।

त्यस्तै, नेपाली कांग्रेसका नेता तथा अर्थविद् डा. स्वर्णिम वाग्लेले पनि आगामी चुनावपछि महामन्त्री थापा नै प्रधानमन्त्री बन्नुपर्ने बताएका छन् । ‘अब पुराना पुस्ताका नेताको योगदानको सम्मान गर्दै नयाँ नेतृत्वबाट मुलुकलाई अघि बढाउन सबै लाग्नुपर्छ,’ उनले भने, ‘यसपालि उहाँहरूले जहाँसम्म नेपाललाई लिएर आउनुभएको छ । त्यसका निम्ति पनि धन्यवाद दिने र अबको नयाँ यात्रा चाँही नयाँ पुस्ताबाट नै ड्राइभ गर्ने खालको राजनीतिक प्रक्रियामा हामी गएका छौं ।’ उनले सवलीकरण, सक्षमताको एजेण्डा भएको र यो कामको नेतृत्व गगन थापाले मात्रै गर्न सक्ने हुँदा प्रधानमन्त्री बन्नुको विकल्प नरहने बताउँदै आएका हुन् ।

त्यत्तिमात्रै होईन, चुनावी प्रचारका लागि मतदाताका घरमा पुग्ने क्रममा गत शुक्रबार मात्रै एक वृद्धले उनी प्रधानमन्त्रीका लागि योग्य रहेको भन्दै भनेकी थिईन्, ’प्रधानमन्त्री हुने अनुहार छ, मेरो शुभाशिष छ, अब, प्रधानमन्त्री भनेर नारा लगाऊ ।’ त्यसोत, महामन्त्री थापाले पनि आफ्नो प्रधानमन्त्रीमा दावेदारी रहने अघिल्लो संसदमै बताएका थिए ।

तर, पार्टीभित्र र केही व्यक्तिहरुको समर्थनले मात्रै आगामी निर्वाचनमा थापालाई प्रधाानमन्त्रीमा चुनिन सहज नदेखिएको राजनीतिक विश्लेषक डा. राजेश अहिराज बताउँछन् । अहिले गठबन्धनको सरकार छ, चुनावपछि बन्ने सरकारको समीकरण कस्तो रहन्छ र सभापति देउवाले महामन्त्री देउवालाई प्रधानमन्त्री छाड्ने सम्भावना नदेखिएँकोले गगनको लागि यो पटक चुनौतीपूर्ण देखिन्छ, उनले भने । साथै उनले पार्टीभित्र देउवा अझै पनि बलिया देखिएकाले थापाको पालो यहीं निर्वाचन पछि आउन कठिन देखिएको बताएका छन् । आफू प्रधानमन्त्रीको लागि योग्य रहेको र पार्टीभित्रबाट पनि समर्थन रहेको थापाले बताएपनि उनका लागि यो यात्रा सहज भने देखिदैंन ।


**Re-Invitation for Sealed Quotation**

**Khanikhola Rural Municipality**
**Office of the Rural Municipal Executive**
Salmechakal, Kavrepalanchok
Bagmati Province, Nepal

**Re-Invitation for Sealed Quotation for the procurement of Fabrication and Transportation of Steel Parts of Sikari Odar Trail Bridge and Maindanda Fedi Trail Bridge**

**Sealed Quotation No: KRM/G/01/079/80 & KRM/G/02/079/80**
**Date of second publication: 2079/07/27**

1. **The Government of Nepal (GoN)** has allocated TB-SWAp funds to Khanikhola Rural Municipality for **Trail Bridge Program** and the Municipality intends to apply the funds to cover eligible payments under the contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Municipality invites electronic bids from registered fabricators in DoLI for supply of fabricated steel parts for following Trail Bridges under Sealed Quotation Goods procedure specified in Public Procurement Act and Regulations. Detailed Evaluation and Qualification Criteria are provided in the Bid Documents.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO egp system www.bolpatra.gov.np/egp and bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   **Name of the Bank : Nepal SBI Bank Ltd.**
   **Name of Office : Khanikhola Rural Municipality**
   **GA 1.1 ANTARIK RAJASWA KHATA no . : 43195241207004**
4. Electronic bids must be submitted to the office of Khanikhola Rural Municipality through PPMO website www.bolpatra.gov.np./egp on or before **12:00 noon on 2079/08/12**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 PM on 2079/08/12** at the office of Khanikhola Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **as mentioned bellow** which shall be valid for **30 days** beyond the validity period of the bid.
   Information to deposit the bid amount in Bank:
   **Name of the Bank : Nepal SBI Bank Ltd.**
   **Name of Office : Khanikhola Rural Municipality**
   **KHANIKHOLA GAUPALIKA GA-3 DHARAUTI KHATA no : 43125240600003**
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
7. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.

| Contract no./ID | Name of Project | Total Estimated Amount (Without VAT) NRs. | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| KRM/G/ 01/079/80 | Fabrication and Transportation of Steel Parts of Sikari Odar Trail Bridge | 11,74,786.64 /- | 33,500 /- | 1,000 /- |
| KRM/G/ 02/079/80 | Fabrication and Transportation of Steel Parts of Maindanda Fedi Trail Bridge | 13,17,137.05 /- | 37,500 /- | 1,000/- |

**Chief Administrative Officer**



# Binayi Tribeni Rural Municipality
# Office of Rural Municipal Executive

**Nawalparasi (East of Bardghat Susta), Dumkibas**
**Gandaki Province, Nepal**

## Invitation For Online Bids

**Date of publication: 2079/07/27, (13th, Nov, 2022)**

1. Office of Binayi Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following goods under National Competitive Bidding procedures.

| S.N. | Contract ID | Description of Works | Estimate Amount | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 08/BTRM/ NCB/Goods/ 2079-080 | Procurement of Fabricated Steel Parts for Trail Bridge D-type and N-type | 3613981.80 | 91000.00 | 3000.00 | 2079/08/27 (13th, Dec, 2022) Before 12:00 | 90 Days | 2079/08/18 (04th, Dec, 2022) at 1:00 PM | |
| **Cost of Bidding Document in Bank** | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East )<br>Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East)<br>Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | |
| **Cost of Bid Security in Bank** | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East)<br>Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East)<br>Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | |


2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## सर्लाही डायरी

एस.पी.गौरब/मध्यान्ह

# निर्वाचनका लागि करिब ५ हजार कर्मचारी खटिने




आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि सर्लाहीमा ४ हजार ८ सय २० जना कर्मचारी मतदान केन्द्रमा खटिने भएका छन् । जिल्लाका ६ सय वटा स्थायी मतदान केन्द्र तथा ३ वटा अस्थायी मतदान केन्द्र गरी जम्मा ६ सय ३ वटा मतदान केन्द्रमा ११ जना जगेडा कर्मचारीसहित ४ हजार ८ सय २० जना कर्मचारी खटिने मुख्य निर्वाचन अधिकृतको कार्यालय सर्लाहीले जनाएको छ ।

कार्यालयका अनुसार जगेडा कर्मचारीहरूमा ११ जना मतदान अधिकृत रहेका छन् । जिल्लामा ३ सय १२ वटा स्थायी मतदान स्थल तथा ३ वटा अस्थायी मतदानस्थल गरी जम्मा ३ सय १५ मतदान स्थल रहेका छन् । ४ प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र र ८ वटा प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र रहेको जिल्लामा ६ सय १४ मतदान अधिकृत, ६ सय सहायक मतदान अधिकृत, ३ हजार ३ सहायक कर्मचारी र ६ सय ३ सहयोगी कर्मचारी मतदान गराउन खटाउन लागिएको जिल्ला निर्वाचन कार्यालय सर्लाहीले जनाएको छ ।

### कर्मचारीहरुका असन्तुष्टि

मुख्य निर्वाचन अधिकृतको कार्यालयले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका विपरीत कर्मचारी खटाउन लागेको भन्दै केही कर्मचारीहरुले असन्तुष्टि पोखेका छन् । निर्देशिकाले राजपत्र अनंकित पाँचौं र चौथो श्रेणीको कर्मचारीलाई मात्र सहायक कर्मचारी खटाउन सकिने व्यवस्था गरेको छ । यस्तै स्थायी कर्मचारी नभएमा मात्र करार तथा ज्यालादारीका कर्मचारी खटाउन सकिने, त्यतिले नपुगे शिक्षक खटाउन सकिने व्यवस्था छ । मुख्य निर्वाचन अधिकृत एवं सर्लाही जिल्ला अदालतका न्यायाधीश कविप्रसाद न्यौपानेले अपवादका रुपमा मतदान अधिकृतको सहजताका लागि मतदान अधिकृत कार्यरत कार्यालयका हलुका सवारी चालक सहायक कर्मचारीमा परेको हुन सक्ने बताए ।

## नमुना मतदानमा ३ प्रतिशत मत बदर

जिल्ला निर्वाचन कार्यालय सर्लाहीले ५ वटा स्थानीय तहमा सञ्चालन गरेको नमुना मतदान कार्यक्रममा खसेको मतको औसतमा २.९ प्रतिशत मत बदर भएको छ । मतदान शिक्षा कार्यक्रम अन्तर्गत सञ्चालन गरिएको नमुना मतदान कार्यक्रममा खसेको ४ सय ८५ मत मध्ये प्रत्यक्ष तर्फ १४ मत र समानुपातिक तर्फ १५ मत बदर भएको जिल्ला निर्वाचन कार्यालय सर्लाहीका नायव सुब्बा मनिस कुमार साहले जानकारी दिए ।

हालसम्म नमुना मतदान कार्यक्रम हरिपुर्वा नगरपालिका, ईश्वरपुर नगरपालिका, चन्द्रनगर गाउँपालिका, ब्रह्मपुरी गाउँपालिका र पर्सा गाउँपालिकामा सम्पन्न भइसकेको साहले बताए । मतदान प्रकृयाका बारेमा समुदायलाई जानकारी गराउने र बदर मत घटाउने उद्देश्यले जिल्लाका सबै स्थानीय तहका मुख्य/मुख्य स्थानमा नमुना मतदान कार्यक्रम सञ्चालन गरिएको जिल्ला निर्वाचन कार्यालय सर्लाहीले जनाएको छ ।

# कृषिलाई प्रविधिसँग जोड्दै गजेन्द्र

**दीपक बहादुर खड्का/मध्यान्ह**
विराटनगर, २६ कात्तिक



एउटा ठूलो आधुनिक टहरा छ । टहरामा ठूलठूला जेनेरेटरको घनीभूत आवाज । जेनेरेटरको मदत्तबाट जडित ठूलाठूला पंखा राखिएको छ ।

गर्मीमा हावा दिनका लागि वरिपरी पंखा एक नासले घुमिरहेका छन् । नुहाउनका लागि सावर । कोही सुतिरहेका छन् त कोही उठेर एकअर्कामा भलाकुसारी गर्दै गरेको जस्तै देखिन्छन् । परतिर औषधिको दराज पनि छ ।

कोही खादै पनि छन् । यसो झट्ट हेर्दा यो जो कोहीलाई अनौठो लाग्छ । होइन् गाईको फार्म पनि यत्तिको सुविधा सम्पन्न हुन्छ ?

तर विराटनगर १२ निवासी उमेरले ५ दशक टेक्दै गरेका व्यवसायी गजेन्द्र शर्मा बञ्जरा भने विदेशिएर पनि जन्म थलोमा आएर त्यही आधुनिक टहरोमा कृषिलाई प्रविधिसँग जोडेर काम गर्ने अठोटका साथ गाई फार्म र ग्रिन हाउसमार्फत कृषिमा क्रान्ति गर्न आतुर छन् ।

विराटनगर १६ को दरैयास्थित बञ्जरा एग्रो सञ्चालन गर्दै आएका उनी कृषिलाई प्रविधिसँग जोडेर काम गर्दै आएका छन् । उनले भारतको हरियाणा र पञ्जावका होलेष्टन जातको जर्सी गाई ल्याइ गत अप्रिलबाट शुरु गरेको गाई फार्ममा हाल ११२ वटा गाई रहेका छन् । तीमध्ये आधा लैनो छन् । एक बेतमा ६ हजार लिटरसम्म दुध दिने उनको फार्ममा दैनिक ८ लिटर देखि ३८ लिटर सम्म दुध दिने गाई रहेका छन् । करिब ३२ करोड लगानी भैसकेको उनको फार्ममा २०० वटा गाई राख्न सकिने आधुनिक फार्म हाउस रहेको छ । झण्डै ५ विघामा गाई फार्मसहित आधुनिक कृषि फार्म पनि छेउमा रहेको छ । गाई फार्मबाट उत्पादित जैविक मलको वरिपरी धान बालीमा लगाएको धान समेत लहलहाउँदो छ ।

स्वीजरल्याण्डबाट होटल व्यवस्थापनमा मास्टर गरेका उनी पढाइसकिएपछि चीन सरकार मातहतको विश्वको दोस्रो ठूलो होटल हिल्टन ब्राण्डमा जेनरल म्यानेजरका रुपमा जागिर खाएर त्यही कम्पनीमार्फत इजरायल मध्य पूर्व युरोप र चीन लगायतका विभिन्न देशमा गई काम गरेको अनुभव छ ।

तर त्यहाँ उनको मन धेरै अडिन सकेन । पैसा मात्र सबै थोक होइन् भन्ने लागेर अन्ततः आफ्नै देशमा कृषि क्षेत्रमा केही गर्नुपर्छ भन्ने सोचका साथ नेपाल फर्कि गाई फार्म शुरु गरेको उनी बताउँछन् । चीनमा ७ वर्ष बसेर सिकेको सीपलाई नेपालमा प्रयोग गरिरहेका छन् । ५ जना दाजुभाई मध्येका उनी साइलो भाई हुन् । माइलो राजेन्द्र र काइलो धर्मेन्द्रसँगै फर्ममा जोडिएका छन् ।

### प्रविधिमैत्री गाई फार्म

उनले गाईलाई मानिससँग नभई प्रविधिसँग नजिक्याउने प्रयास गरेका छन् । उनका अनुसार गाईलाई सेन्सरमार्फत सञ्चालन गरिन्छ । इजरायलमा बनेको सफ्टवेयरको प्रयोग गरी यो प्रविधि अनुसार गाईको खुट्टामा पेडोमिटर लगाइन्छ । सो पेडोमिटरमा सेन्सर हुन्छ । सेन्सरले गाईको एण्टेनासँग कुरा गर्छ । गाईको पुरै अवस्थाको बारेमा अध्ययन गर्दछ । गाईलाई के भयो ? के हुने वाला छ ?, वा गाई ब्याउने भएको छ वा छैन ?, बिरामी हुन लागेको छ की सो को बारेमा जानकारी दिन्छ ।

सो अनुसार यदि समस्या भएमा तत्काल डाक्टरले उपचार गर्दछन् । गाई बिरामी हुन लागेको वा तापक्रम बढीरहेको बारेमा जानकारी दिन्छ ।

'गाई ब्याएपछि ७५ दिनभित्र गाईले बाच्छो खोज्छ । गाईको ७५ दिनभित्र एआइ गर्नुपर्छ । यदि भएन भने किन भएन ? सो प्रविधिले जानकारी दिन्छ । गाईलाई मिल्कीङ पार्लरमा लगेर मिल्किङ गरिसकेपछि भित्र जाने र बाहिर निस्कने ढोका हुन्छ । त्यहाँ गेटमा सेन्सर राखिएको हुन्छ । सेन्सरबाटै गाई ब्याउने भए नभएको सो को जानकारी दिन्छ । यसबाट कम जनशक्तिमा पनि गाइको राम्रो हेरचाह हुने गर्दछ । समय र श्रमको बचत हुन्छ' उनले भने ।

### 'मागअनुसार दुध दिन सकिएको छैन'

दैनिक १ हजार लिटर उत्पादन गर्दै आएको सो फार्मले मार्च महिनासम्ममा १५ सय लिटर पुऱ्याउने लक्ष्य राखिएको बञ्जराले बताए । उत्पादित दुध स्थानीय बजारमै खपत हुने हुँदा माग अनुसार बजारमा दुध पुऱ्याउन सकिरहेका छैनन् । आजका दिनसम्म प्रतिमहिना १२ लाख नोक्सान व्यहोर्दै आएका बञ्जाराले अबका केही महिनादेखि नाफा हुनेमा विश्वास लिएका छन् । उनले शुरुको २ वर्ष नाफा नहुने अनुमान पहिले नै लगाएका थिए । २ वर्षपछि भने क्रमिक रुपमा फर्म नाफा बढ्दै जाने बताउँछन् ।

### दानाको रुपमा साइलेज/रेड नेपियर र सुपर नेपिएर

मकै रोपेको ८० देखि ८५ दिन भित्र पाक्नु अगाडी नै हरियोमा मकैको भागमा काटेर टुक्रा पारेर बंकरमा गुन्द्रक कुवाएझै कुवाइन्छ । जसलाई साइलेज भनिन्छ । साइलेज खानाको रुपमा दिइन्छ । घाँसको रुपमा अष्टेलियाबाट विकसित भएको घाँस सुपर नेपियर र रेड नेपियर प्रयोग गरिन्छ । जसका लागि उनले सितागञ्जमा ३० विघा जग्गा भाडामा लिइ प्रतिवर्ष ५० हजारका दरले भाँडा तिर्दै आएका छन् । यो घाँस महंगो नभएतापनि हेरविचारमा भने ध्यान दिनुपर्ने उनी बताउँछन् । समयमा रोप्ने समयमा काट्ने गर्नुपर्छ । साधारण घासमा प्रोटिन ६ देखि ८ प्रतिशत हुने तर सुपर नेपियर र रेड नेपियरमा १६ देखि १८ प्रतिशत प्रोटिन हुन्छ । जसले दुधको मात्र बढाउन सहज हुन्छ । त्यही भएर हेरविचारमा ख्याल गर्नुपर्ने हुन्छ ।

कृषि कर्जामा अनुदान स्वरुप भूमि व्यवस्था तथा सहकारी मन्त्रालय प्रदेश १ ले रु.५ करोड रकम बाहेक अन्य सहयोग प्रदेश सरकारबाट नपाएको बताए । ८.५ प्रतिशतबाट १५ प्रतिशत व्याज पुगिसकेपनि दुधको भाउ जहाँको त्यहि रहेको उनको गुनासो छ ।

क्रिम ननिकालिएको दुध हाल प्रति लिटर ८० का दरले बिक्री हुँदै आएको छ । त्यही दुध प्याकेजिङ गर्ने मेसिन ल्याइ पास्चाराइजेसन गरी सकेपछि बजारमा ९० देखि १०० प्रतिलिटरसम्म बिक्री गर्न सकिने उनको दावी छ । दुध प्रतिदिन १५ सय लिटर बिक्री भएमा लागत उठ्र नाफा हुनेछ । विराटनगरको चाँदनी चौकमा उनले उत्पादन गरेका तरकारी र दुधको खुदा पसल समेत सञ्चालनमा ल्याएका छन् ।

यो वर्षदेखि भारतबाट ल्याएका गाइको नश्ल सुधार विकास गर्न लागेकोले सफल भएमा प्रति गाई २ लाख ५० हजार पर्नेमा लागत घटेर आधा हुन जाने सञ्चालक बञ्जराले बताए । विश्वको महङ्गो होटलको जेनरल मेनेजर जस्तो सम्मानित पेशामा काम गरेको अनुभव बटुलेका बञ्जराले हाल फार्ममा ३२ जनालाई अस्थायी रुपमा रोजगारी समेत दिएका छन् । शुरुका दिनमा साथीभाई लगायत शुभचिन्तकहरुले विदेशी डिग्री लिएर यस्तो कृषि पेशा के अगालेको ? भन्नेहरु नै अहिले हौसला दिन आउने बताउँछन् । पूर्णरुपमा सञ्चालनमा आउँदा फर्मको लागत ५० करोड पुग्ने उनी बताउँछन् । निकट भविष्यमा बञ्जरा एग्रोलाई ब्राण्डको रुपमा विकसित गर्ने योजनामा उनी रहेका छन् । खाद्यान्नमा परनिर्भरता रहेको नेपालमा उनी जस्तै अन्य युवाले पनि आफ्नो सीपको यसरी सिको गरी लागि पर्ने हो भने दुध र तरकारी आयातमा कमी आइ राज्यलाई नै कृषि क्षेत्रको अर्थतन्त्रमा ठूलो टेवा पुग्नेछ ।

## Re-Invitation for Electronic Bid

Government of Nepal (GoN)
**Kalika Rural Municipality**
Kalika-2, Rasuwa
**Second Date of Publication: 11-13-2022**

1. The Kalika Rural Municipality,Rasuwa invites electronics bid from registered bidders for the following supply of works
2.

| Contract Identification No. | Name of Project | Bid Security Amount (NRs) | Estimate Amount (NRs) | Bid Document Price(NRs) | Bid Submission Last Date , Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| KRM/NCB/CW/2079-080/1 | Patle Bhorle D-Khet Ratmate Sichai | 1,80,000 | 64,28,574.75 (Exclusive of VAT and Contingencies and inclusive of PS) | 3,000 | 11-28-2022, 12:00 Hrs | 11-28-2022, 14:00 Hrs |

3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of at the office of Kalika Rural Municipality, Dhaibung, Rasuwa, Telephone: 010-542098, Email: kalikagaupalika@gmail.com.ormay visit e-GP system: www.bolpatra.gov.np/egp .
4. The employer reserves the right to amend and correct at any time or accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever before the contract.

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०७/२७**

**आज डाइन्ष्टिक प्रा.लि.** को मिति २०७९/०६/२८ गते मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आज डाइनेष्टी प्रा.लि. (प्रा. लि. नं.: २१९७२१,** कायम गर्ने गरी मिति २०७९/०७/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## विनयी त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

**नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

### पाठ्यपुस्तक लेखनको लागि परामर्श सेवा आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०७९/०७/२७**

विनयी त्रिबेणी गाउँपालिकाले चालु आर्थिक वर्षको बार्षिक कार्यक्रम अर्न्तगत स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा छपाई शिर्षकमा कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तक निर्माण गर्न प्रतिस्पर्धा मार्फत सवै भन्दा न्यून/बढी छुट कबोल गर्ने फर्मबाट परामर्श सेवा खरिद कार्य गर्नु पर्ने भएकाले सो सम्बन्धी कार्य गर्न ईजाजत प्राप्त ईच्छुक परामर्शदाताहरुबाट आर्थिक तथा प्राविधिक प्रस्ताव छुट्टाछुट्टै सिलवन्दि खाम पेश गर्नुहुन यो १५ दिने सूचना प्रकाशन गरिएको छ । यस विषयमा विस्तृत जानकारी यस कार्यालयको वेबसाईट www.binayitribenimun.gov.np मार्फत लिन सकिनेछ ।

| क्र.स. | विवरण | आर्थिक तथा प्राविधिक प्रस्ताव बुझाउने आन्तिम मिति र समय | आर्थिक तथा प्राविधिक प्रस्ताव खोल्ने मिति र समय |
|---|---|---|---|
| १ | कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यपुस्तक निर्माण | २०७९/०८/१२ दिनको १२:०० बजे | २०७९/०८/१२ दिनको १:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**

Government of Nepal
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Hydrology and Meteorology**
**Office of Hydrology and Meteorology (OHMK)**
Kohalpur, Banke

## Re-Tender Notice

**Date of Second Publication: 2079/07/27**

OHMK invites electronic bid from eligible bidders for the procurement of Supply and Delivery of Sounding Reel **(DHM/OHMK/G/NCB/2-2079/80)** under the bidding procedures specified in Public Procurement Act, 2063 and Regulations, 2064. Interested eligible bidders may obtain further information through e-GP system www.bolpatra.gov.np/egp.

Government of Nepal
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Hydrology and Meteorology**
**Office of Hydrology and Meteorology (OHMK)**
Kohalpur, Banke

## Notice of Shortlisted Consulting Firms

**Date of publication: 2079/07/27**

Pursuant to Rule 70(10) of Public Procurement Regulation, 2064 and as per Expression of Interest (DHM/OHMK/C/EOI/1-2079/80) notice published in "Madhyanha" national daily on 2079/06/02, it is to inform all concerned firms/JVs that the following firms/JVs are shortlisted according to clause 30(5) of Public Procurement Act, 2063 for issue of Request for Proposal for "Establishment of Mean Sea Level Benchmark in Karnali and Bheri River Basins Hydrological Stations"

1. IES-Amit JV
2. e2services-DSC-RCAD JV
3. Realpath-Moonlight JV
4. ADMC-HEAD-CWC JV

## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**भकुण्डेवेशी, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र आव्हानको सुचना

**प्रथम पटक प्रकाशन मितिः २०७९/०७/२७**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको निर्माण कार्य गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनिले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजे भित्र e-bid मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

**तपसिलः**

| ठेक्का नं. | कार्यको विवरण | लागत रकम(भ्याट बाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| NMUN/NCB/GOODS/079/080-01 | Supply and Delivery of Medicine and Surgical Commodities | रु. २९,९९,८७७५ | रु. ८५,००० | रु.३,००० |

मध्यान्ह
www.madhyanhadaily.com
२७ कार्तिक २०७९, आइतबार
13 November 2022, Sunday

## सम्पादकीय

# भूमिका भूलेको प्रतिबद्धता

मुलुकको माहोल चुनावी बन्दा चर्चाको विषय प्रतिबद्धता पनि परेको देखिन्छ । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका उम्मेद्वारहरूले गरेको प्रतिबद्धतालाई लिएर आमचासो छ । उम्मेद्वारहरूले मतदातासँग प्रतिबद्धता देखाएरै मत मागिरहेका छन् । जनताको विश्वास जित्दै उनीहरूको प्रतिनिधि बन्न मत महत्वपूर्ण छ । मत पाउन उम्मेद्वारहरूले मतदाताको मन जित्नैपर्नेछ । मतदाताको मन जित्न प्रतिबद्धताबारे व्याख्या गर्दै उम्मेद्वारहरू घरदैलो गरिरहेका छन् । गत कात्तिक १७ गते निर्वाचन आयोगले प्रचारप्रसारको समय खुला गरेपछि उम्मेद् वारहरूले भेला र सभा गरेर पनि मत आफ्नो प्रचार गरिरहेका छन् । राजनीतिक दलहरूले देशब्यापी घोषणापत्र एउटै लिएर प्रतिबद्धता जनाएका छन्, त्यसैको प्रचार गरिरहेका छन् । त्यसबाहेक दलीय उम्मेद्वारले व्यक्तिगत प्रतिबद्धता पनि जनाएको छन्, त्यो मूलतः स्थानीय आवश्यकतालाई ध्यान दिएर उल्लेख गरिएको छ ।

तर प्रतिबद्धतापत्र हेर्दा भने घोषणापत्रको परम्परागत प्रवृत्तिमा कति पनि परिवर्तन आएको देखिदैन । नयाँ दल गठन गरेका र स्वतन्त्रहरूले पनि परम्परागत दलहरूकै बाटो हिडेका छन् । दलहरूले त २०१५ सालको पहिलो आमनिर्वाचनकै प्रवृत्ति पछ्याएका छन् । एउटा उम्मेद्वारले गर्नै नसक्ने र पाँच वर्षमा नभएर केही दशक खर्चनुपर्ने प्रतिबद्धता पनि समेटेका छन् । २०१५ सालमा नेपाली कांग्रेस लगायत दलहरूले लेखेको घोषणापत्रमा उल्लेखित कतिपय विषय अझै कार्यान्वयन हुन सकेको देखिदैन । तर ६४ वर्षपछि पनि कांग्रेसले आफ्नो घोषणापत्रलाई व्यवहारिक बनाउन सकेको छैन । २०४८ पछि संसदीय राजनीतिमा आएको नेकपा एमाले र त्यसपछिका अरू दलहरूले पनि असंभव, गर्नै नसकिने र सीमा क्षेत्रभित्र नपर्ने कतिपय विषय पनि समेट्दै आएका छन् ।

तिनै असंभव र पुरा नभएका प्रतिबद्धतापत्रलाई देखाएर मतदाताले सधैं गिज्याउने गरेका छन् । जबकी एउटा सांसदका उम्मेद्वारले सरकारको बजेट जस्तो प्रतिबद्धता उल्लेख गर्नु आफैमा पूरा नहुने र असंभव कुरा हो । जनप्रतिनिधि हुनुको मतलब त्यहाँको जनताको आवश्यकता र आवाज संसदसम्म लैजानु हो । संसदले सांसदहरूले उठाएको कुरा कार्यान्वयनमा लैजान सत्तालाई निर्देशन गर्नुपर्ने हो । मुख्यगरी सांसदहरूको भूमिका कानून निर्माण हो, बजेट अनुमोदन हो । जनहितको कार्यक्रम ल्याउने र कार्यान्वयन गर्ने निकाय कार्यकारी हो । त्यो कार्यकारी निकायको निर्देशक संसद र विद्यमान कानून हो । तर जनताको मन जित्न उम्मेद्वारहरूले जस्तो प्रतिबद्धता जनाउने गरेका छन्, त्यस्तो प्रवृत्ति नै बदल्न आवश्यक छ ।

# विभेदप्रति मौनता


*आरक्षणको व्यवस्थाले मात्रै जातीय विभेद अन्त्य हुँदैन । आरक्षणले मात्रै दलित समुदायको सबलिकरण हुन सक्दैन । विभेद अन्त्यका लागि सामाजिक न्याय र समानता कायम गर्न सक्नुपर्छ । मानव अधिकारको रक्षा, सम्मान, संरक्षण र प्रवर्द्धन गर्नु जरूरी छ ।*

अग्रलेख



● झलक शर्मा

नेपाली समाजमा जातीय विभेद अझै पनि कायम छ । धेरै राजनीतिक परिवर्तन भएतापनि छुवाछुत तथा भेदभावलाई सदाका लागि अन्त्य गर्न सकिएको छैन । कानूनीरूपमा छुवाछुत तथा भेदभावको अन्त्य गरिएता पनि व्यवहारिकरूपमा यसको अन्त्य गर्न सकिएको छैन । ठूलो जात र सानो जात भनि व्याख्या गर्नु नै मानिस मानिसबिचको अबहेलनाको बीउ हो । विगतमा ठूला भनौदा व्यक्तिले कमजोर वर्गलाई थिचोमिचो गरी आफ्नो स्वार्थ पुरा गर्न रचिएको अमानवीय व्यवहार हो । यो धनी र गरिबबिचको असमानताको प्रतिफल हो । समाजमा तल्लो जात भनि तोकिएको मानिसलाई समूहमा कृयाशिल हुन, परिचय दिलाउन कठिनाई परिरहेको छ । विभेदमा परेको जातिले सधैं हेपाई, तुच्छ व्यवहार भोग्नुपर्ने, अपमानित जीवन बिताइ राख्नु परेको छ । जातीय विभेदमा परेका जनताको पीडा ठूलो जातलाई महशुस हुँदैन । यो त अचानोको पीडा खुकुरीलाई थाहा हुँदैन भन्ने उखान जस्तै हो । जातीय विभेद समाजको कलङ्क हो, यसले मुलुकलाई आर्थिक, सामाजिक विकासमा बाधा पुर्‍याउदछ । गरिब मुलुकमा जातीय विभेदका घटनाहरु बढी भेटिन्छन् भने धनी तथा विकसित मुलुकहरुमा कालो गोरो रङ्गका आधारमा रङ्गभेदका घटनाहरु बढी भेटिन्छन् ।



जातका आधारमा खानपान, लुगाफाटा, रहनसहन, पेशा छुट्याउने सङ्कुचित मानसिकता समाजमा भेटिन्छ । एक जातिले अर्को जातिसँग विवाह गर्न नहुने सामाजिक बन्धन छ । दलित जाति भएको कारणले शहरमा डेरा नपाइने, आफ्नो आस्थाअनुसारको मन्दिर, देवि देवालयमा प्रवेश गरी पुजापाठ, दर्शन गर्न नपाइने, सार्वजनिक धारा, कुवा तथा इनारमा पानि भोर्न नपाइने, अन्तर जातीय विवाह गर्दा ज्यान गुमाउनु पर्ने, समाजबाट अलग्गिनु पर्ने जस्ता समस्याहरु भोग्नु परेको छ । जातका आधारमा व्यापार व्यवसाय गर्न नपाइने, स्थानीय विकास निर्माण तथा उपभोक्ता समितिहरुमा सहभागी हुन नपाइने, यदि कानूनीरूपमा अनिवार्य संलग्न गराउनु पर्ने अवस्थामा उनीहरुको राय सल्लाह, सुझावलाई इन्कार गर्ने, सार्वजनिक सेवा प्राप्त गर्दा घुमाउरो मनशायबाट तिरस्कृत हुनुपर्ने जस्ता घिनलाग्दो व्यवहार भोग्नु परेको तितो यथार्थ नेपाली समाजमा छन् ।

अझ सार्वजनिक कार्यालय, संघसस्थामा कार्यरत कर्मचारीमा समेत जातका आधारमा उपेक्षित व्यवहार गर्ने गरेको पाइएको छ । विगतमा स्थानीय जनप्रतिनिधिहरु पनि जातीय विभेदका घटना नियन्त्रण गर्नुको सट्टा उल्टै केही स्थानमा स्वयम् संलग्न भएको देखियो । केही वर्ष अघि रुकुम पश्चिम, चौरजहारी नगरपालिका वडा नं ८ सोतीमा आफ्नो प्रेमलाई विवाहमा परिणत गर्न प्रेमिका लिन गएका नवराज विक र उसका केही साथीहरु सामूहिक आक्रमणमा परि ज्यान गुमाउनु पर्‍यो । त्यस्तै केही वर्ष अघि पनि संचारकर्मी रूपा सुनारले राजधानी काठमाडौंमा जातका आधारमा डेरा पाउनबाट बञ्चित हुनु पर्‍यो । जनतालाई सुसुचित गराउने, समाजमा जागरण ल्याउन तल्लिन संचारकर्मी नै विभेदको शिकार बन्दा बोल्न नसक्ने निमुखा वर्ग कति शोषण र उत्पीडनमा परेका रहेछन् भनी नजर अन्दाज गर्न सकिन्छ । सबैभन्दा बढी शिक्षित वर्ग बस्ने राजधानीमा नै विभेदका घटना हुन्छ भने दुरदराजमा विभेदका घटना कति होलान् ? यो सोचनीय विषय बनेको छ ।

अहिले मुलुक चुनावमय बनेको छ तर, राजनीतिक दलहरुको घोषणा पत्रमा जातीय विभेद अन्त्य गर्ने कुरा गौण राखिएका छन् । दलहरु मत तान्न विकास निर्माण गर्ने आश मात्र देखाएका छन् तर, मानिसमाथिको शोषण र उत्पीडनबारे बोल्न सकेका छैनन् । देश समृद्ध बन्न विकास निर्माणसँगै सामाजिक विकास हुनु जरुरी छ । जहाँ समुदायका मानिसहरु बीच आपसी मनमुटाव, विभेद, बैरभाव रहन्छ

> *अहिले मुलुक चुनावमय बनेको छ तर, राजनीतिक दलहरुको घोषणापत्रमा जातीय विभेद अन्त्य गर्ने कुरा गौण राखिएका छन् । दलहरु मत तान्न विकास निर्माण गर्ने आश मात्र देखाएका छन् तर, मानिसमाथिको शोषण र उत्पीडनबारे बोल्न सकेका छैनन् ।*

तबसम्म मुलुक समृद्धि तर्फ उन्मुख हुन सक्दैन । मुलुकमा प्रजातन्त्र, लोकतन्त्र जस्ता कल्याणकारी शासनको स्थापना भयो । यी शासन प्रणालीले मानवअधिकारलाई सम्मान गर्ने गर्छ तर, जात, रङ्ग, पेशा, लिङ्गका आधारमा कष्टकर जीवन भोगेका पीडितहरुको आवाज बुलन्द गर्न सकेको छैन । त्यसप्रति राज्य सञ्चालन गर्न उत्सुक पक्षले जातीय भेदभाव अन्त्य गर्ने विषयमा जोड दिनु आवश्यक छ ।

कानूनीरूपमा मुलुकी ऐन २०२०ले नै नेपालमा जातीय छुवाछुत र भेदभाव गर्न नहुने कुरा उल्लेख गरेको थियो तर, यसले पूर्ण रूपमा छुवाछुतलाई नियन्त्रण गर्न सकेन । वर्तमानको संविधानमा केही मौलिक हकहरुले विभेद, भेदभाव र छुवाछुत अन्त्य गर्न जोड दिएको छ । धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भनिएको छ । धारा २४ मा छुवाछुत तथा भेदभावविरुद्धको हकको व्यवस्था छ । कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत तथा भेदभाव गरिने छैन । यस विपति कार्य भएमा गम्भीर सामाजिक अपराधका रूपमा कानून दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ र धारा ४० मा दलितको हकको व्यवस्था गरेको छ । जसमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागितालाई विशेष जोड दिएको छ । त्यस्तै यही संविधानमा राष्ट्रिय दलित आयोग संवैधानिक निकायको रूपमा स्थापित गरिएको छ ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ६० मा भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरीवाना वा दुवै सजायको व्यवस्था गरेको छ । त्यसैगरी जातीय भेदभाव तथा छुवाछुत (कसुर सजाय) ऐन, २०६८ पनि कार्यान्वयनमा रहेको छ । जातीय विभेद र छुवाछुत अन्त्यका लागि राज्यबाट बनेका तथा निर्माण भएका कानूनको प्रभावकारी कार्यान्वयनको अभावका कारण दलित समुदायले मुक्ति पाउन नसकेको अवस्था छ । तसर्थ, यी कानूनहरुको अक्षरस कार्यान्वयन गरी समतामूलक समाज निर्माण गर्नुपर्दछ ।

समाजमा विभेद रहिरहनु भनेको शिक्षा र चेतनाको कमीको दुष्परिणाम हो । तसर्थ, राज्यले सबै नागरिकलाई निशुल्करूपमा आधारभूत तहसम्मको शिक्षा अनिवार्य गर्नुपर्छ । जसले अन्धविश्वासको बादललाई हटाउने काम गर्दछ । राज्यले समावेशीकरणको आधारबाट पिछडिएको, दबिएको जाति, वर्ग, धर्म, लिङ्गलाई राज्यको शासन व्यवस्थामा सम्मानजनक प्रतिनिधित्व गराउनु आवश्यक छ । हुनत निजामति सेवामा आरक्षणको व्यवस्था गरेको छ । आरक्षणको व्यवस्थाले मात्रै जातीय विभेद अन्त्य हुँदैन । आरक्षणले मात्रै दलित समुदायको सबलिकरण हुन सक्दैन । विभेद अन्त्यका लागि सामाजिक न्याय र समानता कायम गर्न सक्नुपर्छ । मानव अधिकारको रक्षा, सम्मान, संरक्षण र प्रवर्द्धन गर्नु जरुरी छ ।

अदालतमा परेका जातीय विभेद तथा छुवाछुतका मुद्दाहरुलाई न्यायालयले शिघ्ररूपमा फैसला गर्नुपर्छ र पीडकलाई चाँडै नै कानूनको कठघरामा उभाउन सक्नुपर्छ । यसले पीडकलाई गल्तिको महशुस गराउँदछ । समाजमा रहेका शिक्षित तथा चेतनशिलवर्गले विभेद तथा छुवाछुतका घटना, व्यवहार पन्छाउन र अन्धविश्वास हटाउन विशेष भूमिका खेल्नु पर्दछ । पीडितलाई न्याय दिलाउन निशुल्क कानूनी सहायताको बाटो राज्यले खोलिदिएको छ । यसले विभेद, हिंसाविरुद्ध खुलेर बोल्न सहयोग गर्दछ । जातीय विभेद तथा भेदभाव दबाएर वा गुम्साएर राखे झन् यस्ता घटनाहरु समाजमा दोहोरी रहन्छन् । तसर्थ आफूँ हिंसामा परेको कुरा खुलेर न्याय प्राप्त गर्नको लागि अग्रसर रहनु पर्दछ । जातीय विभेद अन्त्य गर्नको लागि सञ्चार माध्यमको भूमिका पनि कृयाशिल रहनु पर्दछ । विभिन्न चेतनामुलक सामाग्री प्रकाशन, प्रशारण गरी समुदायलाई सचेत बनाउनु पर्दछ ।

समाजमा सक्रिय रहेका नागरिक समाज, मानव अधिकार सम्बन्धि संघसंस्था, एनजियो/आइएनजियोहरुले समाजमा छुवाछुत वा विभेद हुन नदिने, यदि विभेद भइहाले पीडितको पक्षमा न्याय दिलाउन सरकारलाई दबाब दिने गर्नु पर्दछ । जातीय विभेद तथा सामाजिक समस्यालाई विद्यालय, विश्वविद्यालयको पाठ्यक्रममा राखी पठन पाठन गराउनु पर्दछ । यस विषयप्रति राजनीतिक दलहरुको उच्च प्रतिबद्धता रहनु आवश्यक हुन्छ । छुवाछुत तथा भेदभाव सम्बन्धि गोष्ठी पाँच तारे होटलमा गर्नुभन्दा विभेद हुन सक्ने समाजमा गएर गोष्ठी सञ्चालन गर्नु बढी प्रभावकारी हुन्छ । नेपालमा जातीय विविधतालाई समाजको सुन्दर पक्षको रूपमा बुझ्नुपर्छ । जातका आधारमा वैमनस्यता, भदभाव जस्ता नकारात्मक पक्षलाई त्यागी आपसी भाइचारा, मेलमिलाप कायम गर्नुपर्छ । जातीय भेदभाव तथा छुवाछुतको अन्त्य गर्न दलित, पिछडिएको समुदाय मात्र होइन सबै जातजातीहरु एक ठाउँमा उभिएर नयाँ जागरण ल्याउनु आवश्यक छ ।

इमेल : sharmajhalakpkr@gmail.com

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

यो चुनावमा पनि नेपाली जनताले मूलधारका भनिएका उही पुराना दलबाट शासित हुनुपर्ने परिदृष्य देखिँदै छ । पात्र जो कोही भए पनि विकासरहित राज्यदोहन र दलालीले निरन्तरता पाउने सम्भावना छ । कमसेकम विकास/सुशासन र देश हितका एजेण्डामा संसदीय मञ्चबाट चल्तीका लोभी-पापीहरूको सातो खान सक्ने केही व्यक्ति चुनौं !



**- सेतेमान तामाङ**

जो कोही उम्मेदवारसँग न सिद्धान्त, न संस्कार र न सपना हुने तर, उही ठूलो स्वरमा उफ्रेर अरूलाई गाली गर्ने र अनावश्यक भ्रम सृजना गरी आरोप लगाउने प्रवृत्ति चाहिँ कुनै वैकल्पिक राजनीतिक विचारधारा भन्न मिल्दैन बरू जनमतको अपमान र जनताको अधिकारको अपहरण गराउने षड्यन्त्रकारी हो ।



**- केशव दाहाल**

मनिषाले बिपीको नाम, मान, प्रतिष्ठा र ईज्जतको सत्यानास गरेपछि लाग्यो धन्न पुष्पलालका नातिले सिनेमा खेलेनछन् अन्यथा उनले पुष्पलालको गाइजात्रा कसरी गर्थे होलान् ? र, पुष्पलाल र बिपीको गाइजात्रा गरेपछि हाम्रो राजनीतिक आन्दोलनको नायक को हुन्थ्यो होला ? केशरजंग कि तुलसी गिरी ?



**- डम्मर खतिवडा**

बीपी विचार र राजनीतिका चार आयाम छन् । एक-संवैधानिक राजतन्त्र र संसदीय प्रजातन्त्रवादी, दुई-गान्धीवादी, प्रजातान्त्रिक समाजवादी, तीन-साम्यवाद विरोधी उदारवादी र चार-आफुलाई समयानुकूल निरन्तर परिमार्जन गर्ने भविष्यद्रष्टा । मनिषाले पहिलो बिपी बुझिन, बाँकी बीपी बुझिनन् कि बुझ्न चाहिनन् ?



**- नारायण अमृत**

मनिषा कोइराला आफ्नो विचार र मतका लागि स्वतन्त्र छिन् । उनको विचार राख्ने स्वतन्त्रताप्रति सम्मान छ । तर बीपी र महेन्द्रले सहकार्यको अवसर पाएनन् अब लिंग्देनले त्यो सपना पुरा गरून् भन्नुँ चाहिँ बीपीको संघर्षप्रतिको चरम् अपमान हो । परिवर्तनका उपलब्धीविरूद्ध उभिएर बीपीको सम्मान हुँदैन ।

# वर्तमान नेतृत्वबारे सोंच्नुपर्ने प्रश्न

विचार



● दिनेश अर्याल

चुनावको मिति नजिकिँदै गर्दा अहिलेको राजनीतिक नेतृत्वबारे प्रश्नहरु उठेका छन् । स्वतः स्फूर्तरुपमा जनताले नेतृत्वको विकल्प खोजेका छन् । अहिलेको राजनीतिमा जे-जस्तो नेतृत्व छ यसको विकल्प अनिवार्य आउनुपर्छ भन्ने धेरैको धारणा देखिन्छ । कारण अहिलेको नेतृत्वप्रति उठेको प्रश्न पनि हो ।

नेपालको समकालिन राजनीतिक नेतृत्वलाई हेर्ने बित्तिकै कति जनामा नयाँ र समुन्नत नेपालको झल्को आउँदो हो ? उहाँहरुका सामाजिक-दार्शनिक-अर्थशास्त्रीय र व्यावहारिक मुद्दामा ओजिलो विचारहरू सुन्दा कति जनामा नयाँ उत्साह र रक्त-सञ्चार हुंदो हो ? उहाँहरुका सामयिक लेख र अन्तर्वार्ता पढेर कति जनामा देशको भविष्य सुन्दर छ भन्ने आश जाग्दो हो ? उहाँहरुलाई पढे-सुनेर उहाँहरुजस्तै बन्ने रहर कति जनामा पलाउँदो हो ? अझ यो प्रतिष्पर्धी विश्वमा गर्व गर्न लायक विज्ञ र बहुआयामिक नेतृत्व पाएको भनेर कति जनाको छाती ढक्क फुल्दो हो ? अन्तर्राष्ट्रिय मञ्चमा देशको प्रतिनिधित्व गर्दा होस् या द्विपक्षीय भेटघाट र वार्ताहरूमा होस्, आफ्ना नेताहरुको प्रस्तुति र व्यक्तित्व हेरेर कति युवाहरूमा नयाँ प्रेरणा पलाउँदो हो ?

